# बेलौरी नगरपालिकाको आ.व. २०८३/८४ को बजेट वक्तव्य

**बेलौरी नगरपालिकाका नगर उप प्रमुख श्री जोगराम चौधरीबाट मिति २०८३ असार १० गते बुधबारका दिन नगर सभाको सत्रौं अधिवेशनमा प्रस्तुत आ.व. २०८३/०८४ को बजेट वक्तव्य**

**नगर सभाका अध्यक्ष महोदय,**

**नगर सभाका सदस्यहरु,**

१) नेपालको संविधानको धारा २३० मा उल्लेखित प्रत्येक आर्थिक वर्षको राजश्व र व्ययको अनुमान स्थानीय कानून बमोजिम नगर सभामा पेश गरी पारित गराउनु पर्ने र स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७१ बमोजिम आगामी आर्थिक वर्षको राजश्व र व्यय (बजेट) को अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार दश गते भित्र सभामा पेश गर्नु पर्ने व्यवस्था भए बमोजिम यस गरिमामय नगर सभाको सत्रौं अधिवेशनमा बजेट तथा कार्यक्रम प्रस्तुत गर्न उपस्थित भएको छु । नगरबासीका सुशासन विकास र समृद्धी सम्बन्धी आकांक्षालाई सम्बोधन गर्ने गरी तयार पारिएको आगामी आर्थिक वर्ष २०८३/०८४ को वार्षिक बजेट तथा कार्यक्रम यस सम्मानित नगर सभाको अधिवेशनमा प्रस्तुत गर्न अनुमति चाहन्छु ।

२) ऐतिहासिक जनआन्दोलन तथा संघर्षहरुमा आफ्नो प्राण आहुति गर्नुहुने सम्पूर्ण ज्ञात-अज्ञात सहिदहरु प्रति हार्दिक श्रद्धान्जलि अर्पण गर्नुका साथै सहिद परिवारजनमा उच्च सम्मान प्रकट गर्दछु । मुलुकको सार्वभौमिकता, स्वाधिनता, अखण्डता तथा स्वाभिमानको रक्षा गर्दै राष्ट्रिय एकता लोकतन्त्र, सामाजिक न्याय, समानता, विकास, सम्वृद्धि, सुशासन र समतामूलक राष्ट्र निर्माणका लागि संघर्ष गर्नुहुने जनआन्दोलनका घाइते तथा बेपत्ता नागरिक एवम् अन्य सम्पूर्ण नेपाली नागरिक र नेतृत्व गर्नुहुने आदरणीय अग्रज व्यक्तित्वहरुको योगदानको स्मरण गर्न चाहन्छु ।

३) प्रस्तुत बजेट तथा कार्यक्रम तर्जुमा गर्दा नेपालको संविधानमा उल्लेखित स्थानीय तहका एकल तथा साझा अधिकार, मौलिक हक, राज्यका निर्देशक सिद्धान्त, नीति तथा दायित्व, सोह्रौं आवधिक योजना, सुदूरपश्चिम प्रदेश सरकारको प्रथम पञ्चवर्षीय योजना, स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन , दिगो विकासका लक्ष्य, नगरपालिकाबाट समय-समयमा जारी भएका नीति तथा कानून, नगरपालिकाको बार्षिक नीति तथा कार्यक्रम लगायत नेपाल सरकार र सुदूपश्चिम प्रदेश सरकारको आगामी आर्थिक वर्षको बजेट तथा कार्यक्रमलाई आधार लिएको छु । बजेट तथा कार्यक्रम तर्जुमाका क्रममा राजनैतिक दल, राजश्व परामर्श समिति, स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति, बजेट तथा योजना तर्जुमा समिति, विषयगत समिति, कार्यपालिकाका सदस्य, विषयगत शाखाको राय, सल्लाह तथा सुझावलाई मार्ग दर्शनको रुपमा

लिई निजी तथा सहकारी क्षेत्र, स्थानीय विज्ञ तथा नगरबासीबाट प्राप्त राय, सुझावलाई समेत समावेश गरेकोछु ।

४) आगामी आर्थिक वर्ष २०८३/०८४ का लागि प्रस्तुत यो बजेट स्थानीय तहको दोस्रो निर्वाचन पश्चात जनअनुमोदित स्थानीय सरकारका जनप्रतिनिधिहरुको कार्यकालको चौथो बजेट हो । यसको कार्यान्वयनबाट बेलौरी नगरपालिकाको समग्र विकास, सुशासन, प्रभावकारी सेवा प्रवाह एवम् नगरबासीको चाहानालाई पुरा गर्ने विश्वास लिएको छु ।

५) प्रस्तुत बजेट तथा कार्यक्रम तर्जूमा गर्दा आय बमोजिमको प्रभाबकारी व्यय गरी नगरपालिकाको समृद्धि तर्फको यात्रा पुरा गर्न आ.व २०८३/०८४ को नीति तथा कार्यक्रमको प्रथमिकताको आधारमा बजेट विनियोजन हुने व्यवस्था मिलाएको छु ।

**नगर सभाका अध्यक्ष महोदय,**

**नगर सभाका सदस्यहरु,**

६) अब म चालु आर्थिक वर्ष २०८२/०८३ को जेठ मसान्तसम्मको विषयगत क्षेत्रको प्रगति विवरण यस सभामा प्रस्तुत गर्न चाहन्छु ।

| क्र. सं. | विषयगत क्षेत्र | विनियोजन रकम | खर्च रकम | खर्च प्रतिशत | बाँकी मौज्दात |
|---|---|---|---|---|---|
| १. | आर्थिक विकास | ३,३६,३२,५०० | १,५९,५१,०७६ | ४७.४३ | १,७६,८१,४२४ |
| २. | सामाजिक विकास | ३८,७९,५३,३९६ | २८,८०,४६,७५२.७ | ७४.२५ | ९,९९,०६,६४३.३ |
| ३. | पूर्वाधार विकास | २०,४७,९१,१९७.९ | १०,३२,४१,७०८ | ५०.४१ | १०,१५,४९,४८९.९ |
| ४. | सुशासन तथा अन्तर सम्बन्धित क्षेत्र | ५१,२५,००० | ३२,३३,१२५ | ६३.०९ | १८,९१,८७५ |
| ५. | कार्यालय सञ्चालन तथा प्रशासनिक | १५,०६,३५,४५४ | ११,४६,४५,७७३.३ | ७६.११ | ३,५९,८९,६८०.७ |
| | **कुल जम्मा** | **७८,२१,३७,५४७.९** | **५२,५१,१८,४३५.०४** | **६७.१३** | **२५,७०,१९,११२.८६** |

**नगर सभाका अध्यक्ष महोदय,**

**नगर सभाका सदस्यहरु,**

७) अब म चालु आर्थिक वर्षमा यस नगरपालिका अन्तरगत कार्यान्वयन भएका विकास निर्माणका योजना तथा कार्यक्रमको संक्षिप्त विवेचना गर्न चाहन्छु ।

**क) आर्थिक विकास**

**पशु सेवा :**

- ७२१ पशु (गाई ५२८ भैसीं २५४ बाख्रा ५) कृतिम गर्भधान गरियो ।
- १० वटै वडाहरुमा पशु स्वास्थ्य उपचारका लागि घुम्ति प्रयोगशाला सेवा प्रदान गरिएको जसमा ११७ पशुको गोबर परिक्षण २३ दुध परिक्षण गरिएको ।
- विभिन्न रोगहरुका विरुद्धमा ३१ हजार १ सय १२ पशुहरुलाई खोप लगाइ करिव २१ हजार ४ सय ८१ कृषकहरु लाभाङ्गित भएको ।
- सामुहिक रुपमा पशुपालनका लागि ६ वटा नयाँ फर्महरुको दर्ता भएको ।
- एक दिने परजिवी नियन्त्रण शिविर ६ वटा वडाहरुमा सञ्चालन गरिएको

**कृषि विकास :**

- ४० हजार केराका विरुवा कृषकहरुलाई वितरण गरी २५ हेक्टर केरा क्षेत्र विस्तार गरिएको ।
- स्वास्थ्यका दृष्टिकोणले पोषिलो र औषधिय गुण भएको १० हजार सितलचिनी (मोरिङ्गा) का विरुवा वितरण गरिएको ।
- साना किसानहरुलाई मध्यनजर गरी ३० क्विन्टल च्याउको विउँ वितरण गरिएको ।
- १२ सय किसानलाई विभिन्न बालीमा दक्ष बनाउने उदेश्यले तालिम सञ्चालन गरिएको ।
- मकै पकेट विकास कार्यक्रम सञ्चालन गरी ४० विघामा थप क्षेत्र विस्तार भएको छ ।
- १७ जना कृषकहरुलाई (पावर टिलर, मिनी टिलर, रोटाभेटर, कल्टिभेटर, हैरो, मोटर आदी ) जस्ता कृषी औजारहरु वितरणका लागि प्रक्रियामा रहेका

**रोजगार सीप तथा उद्यमशिलता केन्द्र**

- वैदेशिक रोजगारबाट फर्केका ५० व्यक्तिहरुलाई पुन: एकिकरण गरी पालिका स्तरीय आप्रवासी श्रमिक सञ्जाल गठन गरिएको,
- वैदेशिक रोजगारबाट फर्केका १६ जनालाई उद्यमशिलता सम्बन्धी परामर्श सेवा तालिम सञ्चालन गरिएको
- समुदाय स्तरमा वैदेशिक रोजगार सम्बन्धी सचेतनामुलक कार्यक्रम सञ्चालन गरिएको,
- यस पालिकामा रहेका संघ-संस्थाहरुसंगको साझेदारीमा विपन्न लक्षित बर्गहरुलाई सीपमुलक उद्यमशिल तालिम सञ्चालन गरिएको,
- आप्रवासन सेवालाई प्रभावकारी वनाउन मनोसमाजिक परामर्शकर्ता भर्ना गरिएको,

**उद्यम विकास :**

- २२ जना महिलाहरुलाई व्यसायसँग जोड्न डल उत्पादन तालिम सञ्चालन गरिएको,
- १४ जना वेरोजगार युवाहरुलाई हाउस वायरिङ्ग तालिम र १२ जना युवाहरुलाई पावर टिलर मर्मत तालिम दिईएको,
- १४ जना वेरोगार महिलाहरुलाई वीड नेपाल संस्थासँगको सहकार्यमा होम स्टे सम्बन्धी सीप विकास तालिम सञ्चालन गरिएको,

- १८ जना महिला उद्यमीहरुलाई व्यवसायको अनुगमन पश्चात पुनर्ताजकी तालिम दिई प्रविधि हस्तान्तरण गरिएको,

**शिक्षा, युवा तथा खेलकुद :**

- कक्षा ८ को बार्षिक परिक्षालाई नगरस्तरिय केन्द्रगत रुपमा सञ्चालन गरिएको,
- विद्यार्थीहरुमा सकारात्मक प्रतिस्पर्धात्मक भावनाको विकासका लागि विभिन्न कार्यक्रम सञ्चालन गरिएको,
- शिक्षकहरुलाई सम्बन्धित विद्यालयहरुमा गई पेशागत सहयोग प्रदान गरिएको,
- विद्यालयमा दिवा खाजा कार्यक्रम प्रवर्द्धन गर्न भान्सा घर तथा भाडाकुडा खरिद गरिएको,
- कक्षा १० र ८ को नतिजाका आधारमा उत्कृष्ट स्थान हासिल गर्ने विद्यार्थीहरुलाई पुरस्कार सहित सम्मान गरिएको,

**स्वास्थ्य सेवा :**

- नगरपालिकालाई पूर्ण खोप सुनिश्चितता तथा दिगोपना घोषणा सम्पन्न गरिएको,
- १०० प्रतिशत संस्थागत सुत्केरी गराउन सफल भएको,
- क्षयरोगमुक्त पालिका घोषणा अभियान अन्तरगत समुदायमा विभिन्न कार्यक्रम सञ्चालन गरिएको
- ५ बर्ष मुनिका बालबालिकाहरुको पोषण लेखाजोखा गरी ५० जना कुपोषित बच्चाहरुको निशुल्क उपचार गरिएको,
- सुनौलो हजार दिनका आमाहरुलाई पोषण सम्बन्धी अभिमुखिकरण तथा आमाहरुको पोषण लेखाजोखा कार्यक्रम सम्पन्न गरिएको,
- आमा सुरक्षा कार्यक्रम तथा प्रयोगशाला सञ्चालनका लागि आवश्यक उपकरणहरु खरिद गरि स्वास्थ्य संस्थाहरुलाई हस्तान्तरण गरिएको,
- गर्भवती महिलाहरुको ग्रामिण अल्ट्रासाउण्ड कार्यक्रमका लागि मासिक रुपमा स्वास्थ्य परिक्षण गरिएको,

**भुमी व्यवस्थापनः**

- नगरपालिकाका ४ वटा वडा(वडा नं ४,५,८ र १०)मा दर्ता श्रेस्ता र कित्तागत विवरण तयार गर्ने कार्य सम्पन्न भएको,
- भु-उपयोग क्षेत्र वर्गिकरण सम्बन्धी कुनै कित्ता दुई वा सो भन्दा बढी भु उपयोग क्षेत्रमा पर्ने कित्ताको विवरण कैफियत महलमा क्षेत्रफल खुलाई भुमि प्रशासन कार्यालयलाई १३२ वटा सिफारिस गरिएको,
- २६ वटा बाटो नक्साङ्कन, ३९ कित्ता नक्साङ्कन गरिएको।

**वन वातावरण तथा विपद् व्यवस्थापनः**

- नगरबासीहरुको सुविधाका लागि दमकल, शवबाहन र शव चिस्यान खरिद गरि सञ्चालनमा ल्याईएको,
- नगरपालिका भित्रमा आईपर्ने विपद् बाट हुने क्षति कम गर्न तथा जोखिम कम गर्नका लागि २९ जना युवाहरुलाई २१ दिने विपद् स्वयंसेवक तालिम सञ्चालन गरिएको,

- जनप्रतिनिधि र कर्मचारीहरुको १ दिनको पारिश्रमिकको रकम विपद कोष खातामा जम्मा गरिएको,
- **MCR 2030** मार्फत **SIRA** परियोजना सञ्चालन गरिएको,
- सामुदायिक विद्यालयहरुमा कृत्रिम घटना अभ्यास सञ्चालन गरिएको,
- विपद सम्बन्धी पाचौं कञ्चनपूर सम्मेलन सम्पन्न गरिएको,

**महिला बालबालिका तथा जेष्ठ नागरिकः**

- नगरपालिकाको १० वटै वडाहरुमा लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियान कार्यक्रम सञ्चालन गरिएको,
- अति विपन्न एकल तथा पछाडि पारिएका महिलाहरुका लागी आधारभूत सचेतना सम्बन्धी तालिम
- किशोरीहरुको महिनावारी स्वच्छता यौन तथा प्रजनन् स्वास्थ्य र मनोसामाजिक परामर्श सेवा सम्बन्धी तालिम (आमा छोरी )
- लैङ्गिक तथा यौनिक अल्पसंख्यक समुदायको बारेमा जानकारी तथा सकारात्मक सोच सम्बन्धी अभिमुखीकरण कार्यक्रम
- नगरपालिका भरिमा ५७ जनालाई क बर्ग ५ जनालाई ख बर्ग र३९ जनालाई ग बर्गको अपाङ्ग परिचयपत्र वितरण गरिएको,
- लैङ्गिक उत्तरदायी बजेट कोडिङ् गरिनुका साथै लैससास परिक्षण गरिएको,

**खानेपानी, वातावरण तथा सरसफाई एवम् फोहरमैला व्यवस्थापन शाखा**:

- बेलौरी बजार क्षेत्रको ३५ स्थानमा स्ट्याण्ड सहित विद्युतपोलमा डस्टविन जडान गरिएको,
- नगरपालिकाको कार्यालय परिषरमा बर्षादको समयमा पानी जम्न नदिन २ ठाउँमा सोक्ता जडान गरिएको,
- फोहरमैला व्यवस्थापनका लागि सम्पूर्ण वडाहरुबाट ३०/३५ घरहरुबाट फोहर संकलन गरी कुहिने/नकुहिने, मात्रा र प्रकार सम्बन्धी सर्वेक्षण गरिएको,

**पूर्वाधार विकास :**

- नगरपालिकाको हाता भित्रमा जम्मा ९ किलोमिटर सडक कालोपत्रे गरिएको, वडा नं ५ मा ६ मिटरको डबल स्पान पूल निर्माण गरिएको,
- सम्पूर्ण वार्डहरुमा करीब ५ किलोमिटर जती सडक ग्राभेल गरिएको,
- वडा नं १ स्थीत उभियाफाँटामा पर्यटकिय स्थल(पिक्निक स्पोर्ट) निर्माण कार्य सम्पन्न गरिएको,
- १५ सैयाको आधारभुत नगर अस्पतालको निर्माण कार्य सञ्चालनमा रहेको,
- नगरपालिकामा पर्यटन प्रवर्द्धन एवं मनोरञ्जनका लागि वडा नं ५ मा स्वीमिङ् पूल निर्माण गरिएको,

**न्यायिक समितिः**

- कानुनी ज्ञान प्रदान गरि सचेत गराउने उद्देश्यले न्यायमा सहज पहुँच सनिश्चित गर्न कानुनी शिक्षा तथा सचेतना कार्यक्रम ।
- कानुनको परिपालना गर्दै सामाजिक निष्पक्ष न्याय सम्पादन गर्न गराउन अनौपचारिक न्यायकर्ता (भलमन्सा लगायत अन्य सामाजिक अगुवा) हरुसँग न्यायिक अन्तरक्रिया कार्यक्रम ।
- स्थानीय स्तरबाटै विवादको समाधान गरि सामाजिक सद्भाव मेलमिलाप कायम गर्न वडा स्तरीय नागरिकहरुसँग न्यायिक समिति अभियान तथा कार्यक्रम ।
- बढ्दो श्रम ठगी रोकथाम गर्न श्रम ऐन तथा बाल श्रम रोकथामका लागी सरोकारवालासँग अन्तरक्रिया कार्यक्रम ।
- वडा स्तरमा र सामुदायिक मा.वी.विद्यालयमा न्यायिक समितिको क्षेत्राधिकार सम्बन्धी ब्यानर वितरण ।
- जिल्ला अदालत कञ्चनपुरका जिल्ला न्यायाधीश श्री राजेन्द्र सिंह भण्डारी ज्यूको संयोजकत्वमा न्यायिक समितिको न्यायिक काम, कारवाहीको अनुगमन, निरीक्षण ।

**रोजगार सेवा केन्द्र**

- समी कार्यक्रम अन्तरगत वडा स्तरमा वैदेशिक रोजगारी सम्बन्धी सुरक्षित आप्रवासन कार्यक्रमलाई निरन्तरता गरिदै आएको ।
- रोजगार सेवा केन्द्रबाट पुनः श्रम स्वीकृति, वैदेशिक रोजगार बोर्डकको सचिवालयबाट प्राप्त हुने आर्थिक सहायता कार्यक्रममा सहजीकरण गरिदै आएको ।
- वैदेशिक रोजगारीबाट फर्केका व्यक्तिहरुका लागि पुनः एकीकरण कार्यक्रमलाई निरन्तरता दिईदै आएको ।
- बेरोजगार तथ्यांक संकलन कार्यलाई वर्षे भरि गर्ने गरि प्रविधिक व्यवस्था मिलाईनेछ ।

**नगर सभाका अध्यक्ष महोदय,**

**नगर सभाका सदस्यहरु**,

अब म बजेट प्रणालीमा देखा परेका बजेट प्रणालीका प्रमुख चुनौतिहरू प्रस्तुत गर्ने अनुमति चाहन्छु।

- बढ्दो खर्चको तुलनामा स्रोतको प्रवन्ध तथा सन्तुलन मिलाउनु ।
- आन्तरिक राजस्वलाई अभिवृद्धी गर्नु ।
- नेपाल सरकार एवम् प्रदेश सरकारको वित्तिय समानिकरण अनुदान, राजस्व बाँडफाँडमा आएको संकुचनले गर्दा प्राथमिकताका योजना एवम् कार्यक्रमहरु सञ्चालन गर्नु ।
- चालु खर्चलाई वाञ्छित सिमा भित्र राखी पूँजिगत खर्च बढाउनु ।

**नगर सभाका अध्यक्ष महोदय,**

**नगर सभा सदस्यहरू**

८) माथी उल्लेखित चुनौतिहरूलाई मनन गर्दै नगरपालिकाको समग्र विकास गर्न आ.व. २०८३/०८४ को बजेटका उद्देश्य तथा प्राथमिकताहरू देहाय बमोजिम तय गरी प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

**बजेटका उद्देश्यहरू**

- कृषिको विविधिकरण, बजारीकरण, आधुनिकरण, यान्त्रिकीकरण एवम् व्यवसायीकरणमा जोड दिदै रोजगारी सृजना गर्नु ।
- शिक्षा, स्वास्थ्य, खानेपानी तथा सरसफाईमा गुणस्तरियता एवम् सबैको समान पहुच कायम गर्नु ।
- सार्वजनिक सेवा प्रवाहलाई सूचना प्रविधिमैत्री बनाउनु ।
- दिगो पूर्वाधार निर्माणमा जोड दिनु ।
- सुशासन, सामाजिक न्याय र आर्थिक समृद्धि हासिल गर्नु ।
- गरिबी निवारण गर्नु ।

**बजेटका प्राथमिकताहरू**

- गुणस्तरिय शिक्षा, स्वास्थ्य एवम् स्वच्छ खानेपानी ।
- गुणस्तरिय भौतिक पूर्वाधार निर्माण, वातावरण संरक्षण एवम् विपद् व्यवस्थापन ।
- कृषि, पर्यटन एवम् सहकारी क्षेत्रको विकास ।
- महिला, बालबालिका, अपाङ्गता एवम् ज्येष्ठ नागरिकको सम्मान संरक्षण एवम् सशक्तीकरण।
- सुशासन, प्रभावकारी सेवा प्रवाह, सूचना प्रविधिको विकास एवम् गरीवी निवारण ।
- कानुनको पारिपालनासँगै निष्पक्ष न्याय सम्पादन ।

**नगर सभाका अध्यक्ष महोदय,**

**नगर सभाका सदस्यहरु,**

९) आर्थिक वर्ष २०८३।०८४ को बजेटले निर्धारण गरेका उद्देश्य एवम् प्राथमिकता मुताविक कार्यसञ्चालन गर्न देहाय बमोजिम सुधारको प्रस्ताव गरेको छु ।

(क) बस्ती टोल हुँदै वडास्तरबाट प्राथमिकरण सहित माग भई आएका आयोजनालाई प्राथमिकताका साथ छनोट गर्ने व्यवस्था मिलाईने छ ।

(ख) अल्पसंख्यक समुदाय, दलित, महिला, अपाङ्गता भएका नागरिक, पिछडा वर्गहरुको हित, उन्नति र प्रगतीका लागि सकारात्मक विभेद एवम् सामाजिक न्यायको सिद्धान्त अवलम्बन गरी कार्यक्रम सञ्चालन गरिनेछ ।

(ग) ठूला आयोजनाहरु, जस्तै सडक, पार्क, पर्यटकीय पूर्वाधार विकासको काम गर्दा विस्तृत परियोजना प्रतिवेदन (डिपिआर), वातावरणीय प्रभाव मूल्याङ्कन, जग्गा प्राप्ति लगायतका आवश्यक सबै तयारी पूरा गरेर मात्र बजेट विनियोजन गरी कार्यक्रम कार्यान्वयन गर्ने व्यवस्था गरिनेछ ।

(घ) बहुवर्षीय आयोजना सञ्चालन गर्दा स्रोतको सुनिश्चितता गरेर मात्र सञ्चालन गर्ने नीति लिईनेछ ।

(ङ) आयोजनाको ठेक्का लिई तोकिएको समय अगावै काम सम्पन्न गर्ने निर्माण व्यवसायीलाई प्रोत्साहन गरिनेछ ।

(च) नगरपालिकाको दिगो विकास, उन्नति र समृद्धिका लागि नेपाल सरकार, सुदूरपश्चिम प्रदेश सरकार, सरकारी तथा गैह्रसरकारी संस्थाहरुसँग सहकार्य गरी कार्यक्रममा दोहोरोपना नहुने गरी कार्यक्रम कार्यान्वयन गर्ने नीति अवलम्बन गरिनेछ ।

(छ) प्रस्तुत बजेट तथा कार्यक्रमको कार्यान्वयनका लागि आवश्यक कार्यविधिगत तयारी आगामी भाद्र महिनाभित्र सम्पन्न गरी तत्काल कार्यक्रम कार्यान्वयनमा लैजाने वातावरण सिर्जना गरिनेछ ।

(ज) नगरपालिकाबाट सञ्चालन हुने सबै प्रकारका कार्यक्रमहरुको नियमित रुपमा अनुगमन गरी गराई पृष्ठपोषण लिने र प्राप्त पृष्ठपोषण बमोजिम सुधार गर्दै लैजाने व्यवस्था मिलाईनेछ ।

(झ) चालु खर्चलाई वाञ्छित सिमा भित्र राखी पूँजीगत खर्च बढाउने व्यवस्था मिलाइने छ ।

**नगर सभाका अध्यक्ष महोदय,**

**नगर सभाका सदस्यज्यूहरु,**

अब म चालु आर्थिक वर्ष २०८२/०८३ को असार ९ गतेसम्मको संशोधित आय व्ययको संक्षिप्त विवरण प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

१०) चालु आर्थिक वर्ष २०८२।८३ को प्रक्षेपित कुल आय रु. ७८ करोड २१ लाख मध्ये आर्थिक वर्षको असार ८ गते सम्म रु. ६३ करोड ८८ लाख प्राप्त भएको छ । हाल सम्म रू. ५२ करोड ५९ लाख (६७.२४%) खर्च भएको छ ।

११) अब म नगरपालिकाको आ.व. २०८३/०८४ का लागि प्रस्तावित राजस्व र खर्च विवरण यस गरिमामय सभा समक्ष प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

१२) आगामी आर्थिक वर्ष २०८३/०८४ का लागि कूल आय रु. ९४ करोड ५५ लाख हुने अनुमान गरिएको छ । कुल खर्चमा चालु तर्फ रु. ७३ करोड ८५ लाख २४ हजार र

पूँजीगत तर्फ रु. २० करोड ६९ लाख ७६ हजार खर्च हुने अनुमान गरिएको छ । कूल आय तथा व्ययको श्रोत र क्षेत्रगत विवरण निम्न अनुसार रहेको छ ।

**आय तर्फः**

- आन्तरिक आय :- रु. ५ करोड
- राजश्व बाँडफाँड :- रु. १२ करोड ६० लाख ३८ हजार
- अन्तर सरकार वित्तीय हस्तान्तरण (नेपाल सरकार) :- रु. ४४ करोड १६ लाख
- अन्तर सरकार वित्तीय हस्तान्तरण (प्रदेश सरकार): रु. ८ करोड २८ लाख ६२ हजार
- सरी आएको मौज्दात :- रु. २ करोड
- सडक बोर्ड :- ५० लाख
- सामाजिक सुरक्षा :- २२ करोड
- कूल जम्मा आय :- रु. ९४ करोड ५५ लाख ।

**व्यय तर्फः**

- चालु खर्च तर्फ रु.७३ करोड ८५ लाख २४ हजार (जुन कुल बजेटको ७८.११ % हो)
- पूँजीगत खर्च तर्फ रु.२० करोड ६९ लाख ७६ हजार (जुन कुल बजेटको २१.८९% हो)
- कुल खर्च :- रु. ९४ करोड ५५ लाख

**बेलौरी नगरपालिकाको आ.व. २०८३।०८४ को**

**बजेट सिलिङ्ग**

| क.स. | बजेट स्रोत शिर्षक | आ.व. २०८३।०८४ रकम हजारमा | क.स. | विनियोजित शिर्षक | आ.व. २०८३।०८४ रकम हजारमा |
|---|---|---|---|---|---|
| १ | सशर्त अनुदान संघीय सरकार चालु | २६६२०० | १ | सशर्त अनुदान संघीय सरकार चालु | २६६२०० |
| २ | सशर्त अनुदान संघिय सरकार पुँजिगत | ४३०० | २ | सशर्त अनुदान संघिय सरकार पुँजिगत | ४३०० |
| ३ | सशर्त अनुदान चालु/पुँजिगत प्रदेश सरकार | ५४५०० | ३ | सशर्त अनुदान चालु/पुँजिगत प्रदेश सरकार | ५४५०० |
| ४ | विशेष अनुदान संघीय सरकार | १०००० | ४ | विशेष अनुदान संघीय सरकार | १०००० |
| ५ | समपुरक अनुदान संघीय सरकार | १०५०० | ५ | समपुरक अनुदान संघीय सरकार | २१००० |
| ६ | विशेष अनुदान प्रदेश सरकार | ५६०० | ६ | विशेष अनुदान प्रदेश सरकार | ५६०० |
| ७ | समपुरक अनुदान प्रदेश सरकार | ८१२३ | ७ | समपुरक अनुदान प्रदेश सरकार | १६२४६ |
| ८ | सडक बोर्ड | ५००० | ८ | सडक बोर्ड | ६५०० |
| ९ | सामाजिक सुरक्षा | २२०००० | ९ | सामाजिक सुरक्षा | २२०००० |
| १० | वित्तिय समानिकरण अनुदान प्रदेश सरकार | १४६३९ | १० | नगरपालिका प्रशासनिक चालु तर्फ | १७०००० |
| ११ | राजश्व बाँडफाँड प्रदेश सरकार | ४९३५ | ११ | गत आर्थिक वर्षको भुक्तानी बाँकी | ४६४३० |
| १२ | वित्तिय समानिकरण अनुदान संघीय सरकार | १५०६०० | १२ | म्याचिङ्ग फण्ड | ९७०० |
| १३ | राजश्व बाँडफाँड संघीय सरकार | १२११०३ | १३ | एम्बुलेन्स खरिद वडा नं. ५ र ७ | ५००० |
| १४ | गत आ व को बचत | २०००० | १४ | कृषि कार्यक्रम | ८५०० |
| १५ | आन्तरिक श्रोत | ५०००० | १५ | स्वास्थ्य कार्यक्रम | ८५०० |
|  | जम्मा | ९४५५०० | १६ | शिक्षा युवा तथा खेलकुद कार्यक्रम | २०००० |
|  |  |  | १७ | पशुपञ्छी विकास कार्यक्रम | ३५०० |
|  |  |  | १८ | महिला तथा बालबालिका विकास कार्यक्रम | १५०० |
|  |  |  | १९ | न्यायीक समिति कार्यक्रम | १२०० |
|  |  |  | २० | विपद व्यवस्थापन कार्यक्रम/कोष | २५०० |
|  |  |  | २१ | उद्यम विकास कार्यक्रम | १८०० |

| क.स. | बजेट स्रोत शिर्षक | आ.व. २०८३।०८४ रकम हजारमा | क.स. | विनियोजित शिर्षक | आ.व. २०८३।०८४ रकम हजारमा |
|---|---|---|---|---|---|
| | | | २२ | आयुर्वेद कार्यक्रम | ७०० |
| | | | २३ | राजश्व कार्यक्रम | ८०० |
| | | | २४ | सुशासन तथा संस्थागत विकास कार्यक्रम | १५०० |
| | | | २५ | सूचना प्रविधि कार्यक्रम | १५७७ |
| | | | २६ | वातावरण तथा सरसफाई कार्यक्रम | ४०० |
| | | | २७ | उपभोक्ता हित संरक्षण कार्यक्रम | ४०० |
| | | | २८ | रोजगार कार्यक्रम तथा साझेदारी | ११४७ |
| | | | २९ | पञ्जिकरण कार्यक्रम | २०० |
| | | | ३० | भूमि व्यवस्थापन कार्यक्रम | ३०० |
| | | | ३१ | नगर स्तरिय योजना तथा नगर गौरवको कार्यक्रम | २४००० |
| | | | ३२ | वडा स्तरीय योजनाहरु | ३१५०० |
| | | | | **जम्मा** | ९४५५०० |
| | | | | वडा न १ | २४१० |
| | | | | वडा न २ | ३४१० |
| | | | | वडा न ३ | २५१० |
| | | | | वडा न ४ | ३५१० |
| | | | | वडा न ५ | ३३१० |
| | | | | वडा न ६ | ३२१० |
| | | | | वडा न ७ | २८१० |
| | | | | वडा न ८ | ३६१० |
| | | | | वडा न ९ | ३३१० |
| | | | | वडा न १० | ३४१० |
| | | | | **वडा गत जम्मा** | ३१५०० |

१३) आगामी आर्थिक वर्षका लागि अनुमानित आय र व्ययको रकम बराबर हुने गरी विनियोजन गरेको छु । प्रस्तुत बजेटको अनुमान सन्तुलित बजेटको सिद्धान्त अनुसार आर्थिक वर्ष २०८२/८३ को वार्षिक नीति तथा कार्यक्रममा आधारित भएर तर्जुमा भएको हो ।

१४) नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ र अन्य प्रचलित कानून बमोजिम मैले सम्मानित नगर कार्यपालिकाको मिति २०८३।०३।०९ को बैठकको सर्वसम्मत निर्णय बमोजिम आगामी आर्थिक वर्ष २०८३/०८४ का लागि बजेट तथा कार्यक्रम तर्जुमा गरी यस सम्मानित नगर सभा समक्ष प्रस्तुत गरेको छु ।

१५) अब म सम्मानित नगर सभा समक्ष मैले माथि प्रस्तुत गरेको नगरपालिकाको गत वर्ष २०८१/०८२ को यथार्थ आय र व्यय, चालु आर्थिक वर्ष २०८२।०८३ को संशोधित आय र व्यय, आगामी आर्थिक वर्ष २०८३/०८४ को अनुमानित आय र व्ययको विवरण सम्मानित नगर सभामा घनिभूत छलफल भै पारित हुनका लागि प्रस्ताव गर्दछु ।

१६) त्यसैगरी, आगामी आर्थिक वर्ष २०८३/०८४ को प्रस्तावित आर्थिक विधेयक, २०८३ र विनियोजन विधेयक, २०८३ उपर छलफल गरी पारित गरियोस् भनी प्रस्ताव गर्दछु ।

१७) आगामी आर्थिक वर्षमा कार्यान्वयन हुन पेश भएका उल्लिखित दुवै विधेयकहरु आर्थिक विधेयक, २०८३ र विनियोजन विधेयक, २०८३ उपर समेत छलफल गरी पारित गर्न र आगामी आर्थिक वर्षका लागि ऐनको रुपमा कार्यान्वयन गर्न ती दुबै विधेयकलाई यस सम्मानित नगर सभा समक्ष पेश गर्दछु ।

**नगर सभाका अध्यक्ष महोदय,**

**नगर सभाका सदस्यहरु,**

१८) आगामी आर्थिक वर्ष २०८३/०८४ को बजेट तथा कार्यक्रम स्वीकृतिको लागि नगर कार्यपालिकाको गत आर्थिक वर्ष २०८२।०८३ को यथार्थ आय व्यय तथा चालु आर्थिक वर्ष २०८२।०८३ कार्यक्रमगत खर्च समर्थनको लागि समेत पेश गर्दछु ।

१९) प्रस्तुत कार्यक्रम तथा बजेट तर्जुमाका लागि आफ्नो अमूल्य राय, सुझाव दिनु हुने नगर कार्यपालिकाका सदस्यहरू, सबै विषयगत समितिका संयोजक एवम् सदस्यहरु लगायत सबै विज्ञ महानुभावहरुप्रति हार्दिक आभार प्रकट गर्न चाहन्छु । बजेटको नीति, सिद्धान्त र प्राथमिकतामा घनिभूत छलफल गरी प्रत्यक्ष तथा अप्रत्यक्ष रुपमा सुझाव, सल्लाह दिनु हुने नगर

कार्यपालिकाको कार्यालयका सम्पूर्ण कर्मचारी मित्रहरु, विषयगत कार्यालयका प्रमुख तथा प्रतिनिधिहरू, करदाता, उद्यमी, व्यापारी, व्यवसायी, समाजसेवी, ज्येष्ठ नागरिक, नागरिक समाजका अगुवा, पत्रकार मित्रहरु लगायत सबैलाई हार्दिक धन्यवाद दिन चाहन्छु ।

२०) अन्त्यमा हामीबाट प्रस्तुत भएको आगामी आर्थिक वर्ष २०८३/८४ को बजेट तथा कार्यक्रमका प्राथमिकताहरु कार्यक्रमहरु साँझेदारी र सहकार्यमा कार्यान्वयनका लागि सहयोग गरिदिनु हुन नेपाल सरकार, सुदूरपश्चिम प्रदेश सरकार, राजनीतिक दल, सम्पूर्ण बुद्धिजीवी एवम् प्रबुद्ध वर्गहरु, आम नगरबासी आमा बुवा, दाजु भाई, दिदी बहिनीहरु, मतदाता, निजी क्षेत्र, नगरपालिका सम्पूर्ण कर्मचारी, संचार जगत, नागरिक समाज लगायत स्रोत परिचालन, कानूनी सहायता, प्राविधिक तथा परामर्श क्षेत्रमा क्रियाशिल संघसंस्थाहरु समक्ष हार्दिक अनुरोध गर्दछु ।

**२०८३ असार १० गते बुधबार**

**जोगराम चौधरी**
**नगर उपप्रमुख**
**बेलौरी नगरपालिका**